# अन्तर्राष्ट्रिय विकास एसोसिएशनको सदस्यता प्राप्त गर्ने ऐन, २०१९

लालमोहर र प्रकाशन मिति

२०१९।६।१८

संशोधन गर्ने ऐन

नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९

२०१९।१२।३०

२०१९ सालको ऐन नं. २४

अन्तर्राष्ट्रिय विकास एसोसिएशनको स्थापना र सञ्चालनको निमित्त अन्तर्राष्ट्रिय सम्झौताहरु स्वीकार गरी नेपालले उक्त एसोसियशनको सदस्य हुन पाउने गर्नको निमित्त बनेको ऐन

प्रस्तावना : अन्तर्राष्ट्रिय विकास एसोसिएशनले यस ऐनको अनुसूची १ मा उल्लेख भएका शर्तहरुमा नेपाललाई अन्तर्राष्ट्रिय विकास एसोसिएशनको सदस्य बनाउन सकिने भनी शर्तहरु तोकेको, र

माथि लेखिएबमोजिमका शर्तहरु पूरा गर्नको लागि यसपछि लेखिएका कुराहरुको व्यवस्था गर्न आवश्यक भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट +नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाईबक्सेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "अन्तर्राष्ट्रिय विकास एसोसिएशनको सदस्यता प्राप्त गर्ने ऐन, २०१९" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "एसोसिएशन" भन्नाले अन्तर्राष्ट्रिय विकास एसोसिएशन सम्झनु पर्छ ।

(ख) "एशोसिएशन सम्झौता" भन्नाले एसोसिएशनको सम्झौताका धाराहरु सम्झनु पर्छ ।

३. **सम्झौताहरु गर्ने र स्वीकृतिका लिखतहरु दालिख गर्ने अधिकार** : श्री ५ को अर्थ मन्त्रीले आफनो हस्ताक्षरको लिखत गरी सो लिखतमा तोकिएको व्यक्तिलाई नेपाल सरकारको तर्फबाट देहायबमोजिमको काम गर्ने अधिकार दिन सक्नेछ :-

(क) अन्तर्राष्ट्रिय विकास एसोसिएशनको सम्झौताको धाराहरुमा हस्ताक्षर गर्ने ।

---

+ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा संशोधित ।

(ख) नेपाल सरकारले नेपाल कानूनबमोजिम सम्बन्धित सम्झौताहरु र त्यसमा तोकिएका शर्तहरु, जुन शर्तहरुमा नेपाललाई अन्तर्राष्ट्रिय विकास एशोसिएशनको सदस्यता प्रदान गरिनेछ, स्वीकार गरेको छ भन्ने व्यहोरा जनाई एसोसिएशन सम्झौताको स्वीकृतिको लिखत अन्तर्राष्ट्रिय पूनर्निर्माण एवं विकास बैङ्कमा दाखिल गर्ने ।

४. **एसोसिएशनलाई रकमहरु भुक्तानी गर्ने अधिकार** : अनुसूची-१ मा लेखिएका शर्तहरु र एसोसिएशन सम्झौता अनुसार नेपाल सरकारको तर्फबाट समय समयमा सो एसोसिएशनलाई भुक्तानी गर्नुपर्ने हुन आएको रकमहरु नेपाल सरकारको सञ्चित कोषबाट भुक्तानी गर्ने अधिकार श्री ५ को अर्थ मन्त्रीलाई हुनेछ ।

५. **प्रोमिसरी नोटहरु निष्काशन गर्ने अधिकार** : श्री ५ अर्थ मन्त्रीले नेपाल सरकारको तर्फबाट अनुसूची २ बमोजिमको एसोसिएशन सम्झौताको धारा २ को दफा २(ङ) मा लेखिएबमोजिमको निर्ब्याजी र बेच बिखन गर्न नहुने अर्थपत्र वा अरु ऋणपत्र आफूले उचित ठानेको ढाँचामा सिर्जना गर्न र एसोसिएशनका नाउँमा जारी गर्न सक्नेछन् र त्यसरी सिर्जना गरिएको र जारी गरिएको अर्थपत्र वा ऋणपत्रको भुक्तानी नेपाल सरकारको सञ्चित कोषबाट गरिनेछ ।

६. **नेपाल राष्ट्र बैंङ्क डिपोजिटरी मनोनित हुने** : नेपाल राष्ट्र बैंङ्कलाई अनुसूची-३ बमोजिमको एसोसिएशन सम्झौताको धारा ६ को दफा ९ को प्रयोजनको लागि डिपोजिटरी मनोनित गरिएकोछ ।

७. **लेखापढीको माध्यम** : नेपाल सरकारको सचिव, अर्थ मन्त्रालयलाई अनुसूची-४ बमोजिमको एसोसिएशन सम्झौताको धारा ६ को दफा १० को प्रयोजनको लागि लेखापढीको माध्यम मनोनित गरिएकोछ ।

८. **एसोसिएशनको स्थिति, त्यसलाई छूट र विशेषाधिकारहरु** : प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-५ बमोजिमको एसोसिएशन सम्झौताको धारा ८ मा लेखिएबमोजिम एसोसिएशनलाई स्थिति, छूट र विशेषाधिकारहरु प्राप्त हुनेछन् ।

९. **अनुसूचीमा संशोधन गर्ने अधिकार** : एसोसिएशन सम्झौताको यो ऐनको अनुसूची बमोजिमका कुनै कुरामा कुनै संशोधन गरिएमा सोहीबमोजिम नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यो ऐनको अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

१०. **नियमहरु बनाउने अधिकार** : यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

१२. ♣.................

---

♣ नेपाल ऐनहरु संशोधन गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा झिकिएको ।

अनुसूची-१

<u>अन्तर्राष्ट्रिय विकास एसोसिएशन</u>

**प्रस्ताव नं. १५**

**<u>नेपाललाई एसोसिएशनको सदस्यता</u>**

एसोसिएशन सम्झौताको धारा (यसपछि धारा भनिएको) २ को दफा १(६) बमोजिम नेपाल सरकार, नेपालले अन्तर्राष्ट्रिय विकास एसोसिएशनको सदस्यताको लागि निवेदन दिएको, र

एसोसिएशनको वाइलजको दफा ९ बमोजिम कार्यकारी सञ्चालकहरुले, नेपालका प्रतिनिधिहरुसंग परामर्श गरी यस निवेदनपत्र बारे गर्भनरहरुको बोर्डमा सिफारिश पेश गरेकोले,

गभर्नरहरुको बोर्डले देहायका शर्त र अवस्थाहरुमा नेपाललाई एसोसिएशनको सदस्यतामा प्रवेश गराउने प्रस्ताव गरेकोछ :-

(क) यस प्रस्तावमा स्पष्ट उल्लेख गरिएदेखि बाहेक नेपालले एसोसिएशनको सदस्यता प्राप्त गर्ने अरु शर्त र अवस्थाहरु धाराहरु साथ रहेको अनुसूची (क) को भाग २ मा उल्लेखित शुरुका सदस्यहरुको सदस्यतासम्बन्धी धाराहरुमा तोकिएबमोजिम (कुनै कटौती गर्ने उद्देश्यले नभै चन्दाको भुक्तानी, मुद्राको उपयोगिता र मत दिने अधिकारसम्बन्धी शर्त र अवस्थाहरु समेत जनाउने गरी) हुनेछ ।

(ख) एसोसिएशनको सदस्यता स्वीकार गरेपछि जनवरी १, १९६० मा भएको तौल र शुद्धताको संयुक्त राज्यको डलरको मूल्य बराबर जम्मा डलर ५,००,००० बराबरको मूल्य चन्दा स्वरुप नेपालले बुझाउनु पर्नेछ ।

(ग) एसोसिएशनको सदस्यता स्वीकार गर्नुभन्दा पहिले धाराहरुको अनुसूची (क) को भाग २ मा उल्लेखित शुरु सदस्यहरु सरह एसोसिएशनको सदस्य हुनाले नेपालले सदस्यता स्वीकार गरेको वा गर्नुभन्दा अघिको मितिमा बुझाउनु पर्ने शुरु चन्दाको सबै रकम भुक्तानी दिनु पर्नेछ ।

(घ) नेपालले सन १९६२ नोभेम्बर ५ सम्ममा यो प्रस्तावबमोजिम एसोसिएशनको सदस्यता स्वीकार गर्न सक्नेछ, तर असाधारण परिस्थितिले गर्दा सो प्रस्तावबमोजिम सदस्यता स्वीकार गर्न सक्ने अरु अवधि बढाउनु पर्ने भनी कार्यकारी सञ्चालकहरुले देखेमा सो अवधिलाई बढाउन सक्नेछ ।

# अनुसूची-२

## अन्तर्राष्ट्रिय विकास एसोसिएशनको सम्झौताको धाराहरुको धारा २ को दफा २ (ङ)

**दफा २ (ङ)** - एसोसिएशनले कुनै पनि सदस्यबाट एसोसिएशनको निर्णयमा आफूलाई सञ्चालन गर्न नचाहिए जति सदस्यले बुझाएको वा बुझाउनु पर्ने सदस्यको मुद्राको कुनै अंशको सट्टा सदस्य वा सदस्यले मनोनित गरेको डिपोजिटरीले यस अघिको उपदफा ❑(घ) वा धारा ❍४ को दफा २ बमोजिम निकालेको बेच बिखन गर्न नहुने, निर्ब्याजी, र मागेको बखत मनोनित डिपोजिटरीमा एसोसिएशनको नाउँमा जम्मा गरी सममूल्य (पार भ्यालू) मा भुक्तानी दिनुपर्ने नोट वा यस्तै अरु ऋणपत्रहरु स्वीकार गर्नेछ ।

---

❑ दफा २ (घ)-प्रत्येक प्रारम्भिक सदस्य राष्ट्रले बुझाउनु पर्ने चन्दाको बाँकी नब्बे प्रतिशत भाग १ को अनुसूची (क) मा उल्लेखित सदस्यहरुले सुनमा वा शर्त रहित परिवर्त्य मुद्रा (फिली कन्भर्टिब्ल करेन्सी) मा र भाग २ को अनुसूची (क) मा उल्लेखित सदस्यहरुको हकमा आफनो मुद्रामा बुझाउन सक्नेछ । प्रत्येक सदस्यहरुले चन्दाको नब्बे प्रतिशत देहायबमोजिम पाँच सालमा बराबर किस्ताबन्दीमा गरी बुझाउन सक्नेछः-

पहिलो किस्ता धारा ११ को दफा ४ अन्तर्गत एसोसिएशनले कारवाई शुरु गरेको मिति वा प्रारम्भिक सदस्य राष्ट्रले सदस्यता प्राप्त गरेको मिति जुनपछि पर्दछ त्यस मितिले तीस दिनभित्र, दोश्रो किस्ता एसोसिएशनले कारवाई शुरु गरेको एक वर्षपछि, र बाँकी किस्ताहरु एक एक वर्ष बिराई पूरा नब्बे प्रतिशत बुझाई नसकेसम्म प्रत्येक वर्षमा ।

❍ **धारा ४ दफा २- मौज्दात रहेको मुद्राको मूल्य कायम राख्ने :-**

(क) कुनै सदस्य राष्ट्रको मुद्राको सममूल्य (पार भ्यालू) घटाइएको छ वा कुनै सदस्य राष्ट्रको मुद्राको विदेशी विनिमयको मूल्य सो सदस्यको प्रादेशिक क्षेत्रभित्र प्रशस्त मात्रामा घटेको छ भन्ने एसोसिएशनले ठानेमा धारा २ को दफा २ (घ) बमोजिम सदस्य राष्ट्रले एसोसिएशनलाई बुझाएको मुद्राको मूल्य सो चन्दा बुझाएको समयको मूल्य बराबर गर्न चाहिने आफनो मुद्राको थप मुद्रा उचित समयभित्र एसोसिएशनलाई बुझाउनेछ माथि उल्लेख गरिएका कुराहरु, धारा २ को दफा २ (ङ) अनुसार स्वीकार गरिएको नोटको रुपमा रहेका वा नरहेका मुद्रा भुक्तानी नदिए वा अन्य सदस्यको मुद्रामा विनिमय गरेसम्ममात्र लागू हुनेछ ।

(ख) कुनै सदस्य राष्ट्रको मुद्राको सममूल्य (पार भ्यालू) बढाइएको छ वा कुनै सदस्य राष्ट्रको मुद्राको विदेशी विनिमयको मुल्य सो सदस्यको प्रादेशिक क्षेत्रभित्र प्रशस्त मात्रामा वृद्धि भएको छ भन्ने एसोसिएशनले ठानेमा यो दफाको परिशिष्ट (क) को नियम लागू हुने मुद्रामा वृद्धि भएको मूल्य बराबरको सदस्यको मुद्रा एसोसिएशनले उचित समयभित्र सो सदस्य राष्ट्रलाई बुझाउनेछ ।

(ग) अन्तर्राष्ट्रिय मुद्रा कोषले सबै सदस्यहरुको मुद्राहरुको सममूल्य (पार भ्यालू) मा बराबर अनुपातमा परिवर्तन ल्याएमा एसोसिएशनले अगाडि गएको परिशिष्टहरुको नियम लागू गर्न सक्नेछ ।

(घ) कुनै मुद्राको मूल्य कायम राख्न यो दफाको उपदफा (क) बमोजिम बुझाइएको रकम सो मुद्राकै रुपमा परिवर्त्य र उपयोग हुनेछ ।

## अनुसूची-३

**सम्झौताको धाराहरुको धारा ६ को दफा ९**

**दफा ९- डिपोजिटरीहरु** : प्रत्येक सदस्य मुलुकले एसोसिएशनसंग रहने आफनो मुद्रा वा एसोसिएशनको अरु जायज्यथाको मौज्दातको निमित्त आफनो केन्द्रीय बैंङ्कलाई डिपोजिटरी मनोनित गर्नेछन् वा सो मुलुकको आफनो केन्द्रीय बैंङ्क नभएमा एसोसिएशनलाई मञ्जुर हुने यस्तै अरु संस्थालाई मनोनित गर्नेछन् । छुट्टै कुनै मनोनित नगरिएमा बैंङ्कको निमित्त मनोनित भएको डिपोजिटरी एसोसिएशनको निमित्त डिपोजिटरी हुनेछ ।

## अनुसूची-४

**सम्झौताको धाराहरुको धारा ६ को दफा १०**

**दफा १०- लेखापढीको माध्यम** : प्रत्येक सदस्य मुलुकले यस सम्झौता अन्तर्गत उठेको कुनै कुराको सम्बन्धमा जुनद्वारा एसोसिएशनले लेखापढी गर्नु पर्नेछ त्यसमा माध्यमको निमित्त उचित अधिकारीलाई मनोनित गर्नेछन् । छुट्टै कुनै मनोनित नभएमा बैंङ्कको निमित्त मनोनित गरिएको अधिकारीलाई एसोसिएशनको लेखापढीको माध्यम मानिनेछ ।

अनुसूची-५

सम्झौताको धाराहरुको धारा ८

स्थिति, छूट र विशेषाधिकारहरु

**धारा ९ दफा १- धाराको उद्देश्य** : एसोसिएशनलाई सुम्पेको काम पूरा गर्न एसोसिएशन सामर्थ्य बनाउन यो धारामा दिइएको स्थिति, छूट र विशेषाधिकारहरु प्रत्येक सदस्यको प्रादेशिक क्षेत्रमा एसोसिएशनलाई दिइनेछ ।

**दफा २-एसोसिएशनको स्थिति** : एसोसिएशनको कानूनी मान्यता प्राप्त व्यक्तित्व हुनेछ र एसोसिएशनलाई विशेषतः देहायको काम गर्ने अधिकार हुनेछ :-

(१) ठेक्का लिने दिने,

(२) चल अचल सम्पत्ति प्राप्त गर्ने वा बिक्री गर्ने,

(३) कानूनी कारवाई गर्ने ।

**दफा ३- अदालती कारवाईको सम्बन्धमा एसोसिएशनको स्थान** : एसोसिएशनले आफनो कार्यालय भएका वा सेवा सूचना स्वीकार गर्नको लागि एसोसिएशनले एजेण्ट नियुक्त गरेको वा सिक्योरिटीहरु निकालेको वा

ग्यारेण्टी गरेको कुनै सदस्यको प्रादेशिक क्षेत्रमा कानूनबमोजिम अधिकार प्राप्त अदालतमा मात्र एसोसिएशनको विरुद्ध कारवाई चलाउन सकिनेछ । सदस्यहरुले वा सदस्यहरुको निमित्त काम गर्ने व्यक्तिहरुले, वा सदस्यहरुबाट दाबी लिने व्यक्तिहरुले कुनै कारवाई चलाउन सक्ने छैन । एसोसिएशनको सम्पत्ति र जायजेथालाई जहाँसुकै रहेको वा जोसित रहेको भए पनि एसोसिएशनको विरुद्ध अन्तिम फैसला हुनुभन्दा अघि पक्राउ, कब्जा वा कुर्किबाट छूट दिइनेछ ।

**दफा ४-जायजेथा पक्राउ हुनबाट छूट** : एसोसिएशनको सम्पत्ति र जायजेथालाई जहाँसुकै रहेको र जोसित रहे पनि, कार्यकारिणी वा कानूनी कारवाईद्वारा खोज तलासी, अधिग्रहण, अपहरण, निस्वामीकरण वा अरु कुनै किसिमको पक्राउबाट छूट पाउनेछ ।

**दफा ५-अभिलेख गृह (आर्चिभ्स) सम्बन्धी छूट** : एसोसिएशनको अभिलेख गृह (आर्चिभ्स) भित्र दखल गर्न सकिने छैन ।

**दफा ६- जायज्यथामा प्रतिबन्ध नलाग्ने** : यस सम्झौताले दिएको कार्य सञ्चालन गर्न आवश्यक भएको हदसम्म र यस सम्झौताको दफाहरुको अधीनमा रही, एसोसिएशनको सबै सम्पत्ति र जायजेथामा कुनै किसिमको प्रतिबन्ध, नियम, नियन्त्रण र मोराटोरिया लाग्ने छैन ।

**दफा ७- लेखापढी गर्ने विशेषाधिकार** : सदस्यहरुले एसोसिएशनको अफिसियल लेखापढीलाई अरु सदस्यहरुको अफिसियल लेखापढीलाई सरह नै व्यवहार गर्नेछन् ।

**दफा ८- अधिकृत र कर्मचारीहरुको निमित्त छूट र विशेषाधिकारहरु** : एसोसिएशनका सबै गभर्नरहरु, कार्यकारी सञ्चालकहरु, अल्टरनेटहरु, अधिकृतहरु र कर्मचारीहरुले -

(१) एसोसिएशनले छूट त्याग गरेमा बाहेक अफिसियल हैसियतले गरेको काम कार्यहरुमा कानूनी कारवाईबाट छूट पाउनेछ ।

(२) स्थानीय नागरिक नभएमा, देशान्तरबाससम्बन्धी प्रतिबन्धहरु, विदेशीहरुको रजिष्ट्रेशनसम्बन्धी आवश्यकताहरु, राष्ट्रिय सेवासम्बन्धी दायित्वहरुबाट छूट र विनिमय प्रतिबन्धसम्बन्धी सुविधाहरु सदस्यहरुले अरु सदस्यहरुको सोही समान दर्जाका प्रतिनिधिहरु, अधिकारी वर्गहरु र कर्मचारीहरुलाई दिए सरह नै पाउनेछन् ।

(३) सदस्यहरुले अरु सदस्यहरुको सोही समान दर्जाको प्रतिनिधिहरु अधिकारीवर्गहरु र कर्मचारीहरुलाई दिए सरह नै भ्रमण सुविधा पाउनेछन् ।

**दफा ९-करबाट छूट** :

(क) एसोसिएशन, यसको जायजेथा, सम्पत्ति, आम्दानी र यो सम्झौताद्वारा अधिकृत यसको सञ्चालन र कारोबारहरुले सबै कर र सबै भन्सार महसूल छूट पाउनेछ कुनै कर वा महसूल असूल वा भुक्तानी गर्ने दायित्वबाट पनि एसोसिएशनले छूट पाउनेछ ।

(ख) स्थानीय नागरिक, स्थानीय प्रजा, वा अरु स्थानीय राष्ट्रिय नभएको एसोसिएशनका कार्यकारी सञ्चालकहरु, अल्टरनेटरहरु, अधिकारी वर्गहरु वा कर्मचारीहरुलाई एसोसिएशनले दिने तलब र परिलाभमा कुनै पनि कर लिइने छैन ।

(ग) एसोसिएशनले निकालेको दायित्व वा सिक्योरिटी (त्यस उपरको लाभांश वा ब्याज लगायतमा) जोसित रहेको भए पनि कुनै किसिमको कर लिइने छैन :-

(१) यदि त्यसले सो दायित्व वा सिक्योरिटीलाई मात्र एसोसिएशनले सिर्जना गरेको कारणले फरक व्यवहार गरेको छ भने, वा

(२) यदि त्यस्तो कर व्यवस्थाको निमित्त सम्पूर्ण अधिकार क्षेत्रीय आधार सो दायित्व वा सिक्योरिटी निकालिएको, वा भुक्तानी गर्नुपर्ने गरिएको वा भुक्तानी गरिएको ठाउँ, वा मुद्रा वा बैंङ्कले राखेको कुनै कार्यालय वा कारोबारको स्थान भएमा ।

(घ) एसोसिएशनले ग्यारेण्टी दिएको कुनै दायित्व वा सिक्योरिटी (त्यसको लाभांश वा ब्याज लगायतमा) जोसित रहेको भए पनि कुनै किसिमको कर लिइने छैन :-

(१) यदि त्यसले त्यो दायित्व वा सिक्योरिटीलाई एसोसिएशनले ग्यारेण्टी गरेको कारणले फरक व्यवहार गरेको छ भने, वा

(२) यदि त्यस्तो कर व्यवस्थाको निमित्त सम्पूर्ण अधिकार क्षेत्रीय आधार एसोसिएशनले राखेको कुनै कार्यालय वा कारोबारको स्थान भएमा ।

<u>दफा १०-धाराको प्रयोग</u> : प्रत्येक सदस्यले यो धारामा दिइएको सिद्धान्तहरु आफनो कानून मुताविक लागू गराउने उद्देश्यको निमित्त आफनो प्रादेशिक क्षेत्रभित्र आवश्यकतानुसारको कार्य गर्नेछ र आफूले गरेको कामको पूरा विवरणको सूचना एसोसिएशनलाई दिनेछ ।

---

**नोट** : (१) नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रुपान्तरित शब्दहरु :-

“गजेट” को सट्टा “राजपत्र”

(२) केही नेपाल कानुन संशोधन गर्ने ऐन,२०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु :

”श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार”